समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

| | | |
|---|---|---|
| बैठक मितिः २०८०/०२/२९ | | बैठक संख्या: २६ |
| बैठक प्रारम्भ समयः विहानको ७:४० बजे | बैठक समापन समयः | बजे |

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाका सबै वडा कार्यालयहरुमा रहने गरी दुई वटा मोटरसाइकल, सबै शाखा तथा उपशाखा प्रमुखहरुलाई एक/एक वटा मोटरसाइकल र पूर्वाधार विकास शाखा साथै भवन निर्माण तथा वस्ती विकास उपशाखामा काम गर्ने प्राविधिक कर्मचारीहरुलाई एक/एक वटा मोटरसाइकल उपलब्ध गराउने, बाँकी सवारी साधनहरु जिन्सी उपशाखामा एकीकृत गरी पुलमा राखी कामको प्रकृति र आवश्यकताको आधारमा कामको अवधिको लागि मात्र अन्य कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

२. नगरकार्यपालिका कार्यालयमा कार्यरत मोटरसाइकल सुविधा प्राप्त गर्ने कर्मचारीहरुलाई आगामी आर्थिक बर्षदेखि इन्धन खर्च बापत् रु. १४,०००|- (चौध हजार मात्र) र मर्मत खर्च बापत रु. १०, ०००|- (दश हजार मात्र) गरी जम्मा २४,०००|- (चौबीस हजार मात्र) बार्षिक रुपमा नगदै उपलब्ध गराउने निर्णय गरियो ।

३. विगत आर्थिक बर्षदेखि नै प्रदेश सरकार, खाँदबारी नगरपालिका र करुणा फाउण्डेशनको संयुक्त लगानीमा यस नगरपालिका अन्तर्गत सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा आगामी बर्षदेखि करुणा फाउण्डेशनले कुनैपनि श्रोत व्यहोर्न नसक्ने बुझिएकोले आ.ब. ०८०/८१ देखि प्रदेश सरकारबाट प्राप्त बजेटको आधारमा मात्र यस कार्यक्रमलाई निरन्तरता दिने र सोही बमोजिम उक्त कार्यक्रममा कार्यरत सहजकर्ताहरुको संख्यामा समायोजन गर्ने निर्णय गरियो ।

४. आ. ब. २०७९/८० मा नगरपालिकामा सञ्चालित सम्झौता अवधि समाप्त भएका सम्पूर्ण आयोजना तथा कार्यक्रमहरुको आगामी असार १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत